केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४११४०७
फ्याक्स : ४१४५५२
E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

**पत्र संख्याः** बैं.वि.नि.वि./नीति/परिपत्र/२१/०६३/६४ **मितिः** २०६३।१०।२३

ईजाजतपत्रप्राप्त सबै बैंक तथा वित्तीय संस्थाहरु

महाशय,

**विद्यमान अवस्थालाई दृष्टिगत गरी निम्न विषय उपर देहाय बमोजिमको व्यवस्था कायम गर्ने निर्णय भएको हुँदा सो बमोजिम गर्नु गराउनु हुन अनुरोध गर्दछु ।**

१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ अन्तर्गत संस्थापना भएका तथा सञ्चालनमा आएका बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो स्वप्रयोजनको लागि स्थिर सम्पत्ति (घर जग्गा) को खरिद/लगानीको सम्बन्धमा देहाय बमोजिमको व्यवस्था कायम गरिएको:

(क) बैंक/वित्तीय संस्था संस्थापना हुँदा खर्च भएको पूर्व सञ्चालन खर्च (Pre operating expenses) सम्पूर्ण रुपमा अपलेखन भई सकेको हुनु पर्ने ।

(ख) सम्बन्धित बैंक तथा वित्तीय संस्थाको प्रबन्धपत्र/नियमावलीमा उल्लेख भए बमोजिमको शेयर सर्वसाधारणमा जारी गरी सकेपछिको साधारण सभा सम्पन्न भएको हुनुपर्ने ।

(ग) बैंक/वित्तीय संस्थाले सम्पत्ति खरिद गर्दाका बखत संस्था संचालन मुनाफामा रहेको हुनु पर्ने ।

(घ) संस्थाको पूँजीकोष यस बैंकले जारी गरेको निर्देशन बमोजिम हुनुपर्ने ।

साथै, उल्लेखित अवस्था पुरा नगरी स्थिर सम्पत्ति खरिद/लगानी गरेमा सो बराबरको रकम प्राथमिक पूँजीकोष गणना गर्दा घटाउनु पर्नेछ ।"

२. **यस बैंकबाट प.सं. बैं.वि.नि.वि./नीति/परिपत्र/११/०६२/६३ मिति २०६३।३।१४ मा जारी गरिएको परिपत्रको बुँदा नं. (ग) को व्यवस्थामा देहाय बमोजिम परिमार्जन गरिएको:-**

उक्त परिपत्रमा उल्लेख भएको "यस बैंकबाट ईजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले अन्य प्रचलित कानून बमोजिम निक्षेप परिचालन तथा कर्जाको कारोवार गरिरहेका वित्तीय संस्थाहरुमा निक्षेप राख्न तथा कर्जाको कारोवार गर्न पाइने छैन । साथै, विगत समयमा गरेको निक्षेप तथा कर्जाको कारोवार २०६५ आषाढ मसान्त भित्र वा भुक्तानी अवधि समाप्त भएपछि मध्ये जुन अगाडि हुन्छ सो अवधि भित्र निर्देशन बमोजिम नियमित गर्नु पर्ने छ ।" भन्ने वाक्य पछि "तर, यस बैंकबाट सीमित बैंकिङ्ग कारोवार गर्ने इजाजतपत्रप्राप्त गरेका तथा अन्य प्रचलित कानून बमोजिम स्थापित सहकारी संस्थाहरु समेतलाई यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले मुद्दती रसिदको धितोमा सरकारी तथा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्रको धितोमा कर्जा प्रवाह गर्न कुनै बाधा पुग्ने छैन" भन्ने वाक्य थप गर्ने ।

भवदीय,

(केशव राज आचार्य)
निर्देशक

बोधार्थः

श्री नेपाल राष्ट्र बैंक
१. बैंक सुपरीवेक्षण विभाग ।
२. वित्तीय संस्था सुपरीवेक्षण विभाग ।
३. विदेशी विनिमय व्यवस्थापन विभाग ।
४. जिल्ला स्थित कार्यालयहरु ।

श्री बैंकर्स एसोसिएशन
हेरिटेज प्लाजा, काठमाडौं ।

श्री वित्त कम्पनी संघ
वगदरवार, बिजनेश कम्प्लेक्स, काठमाडौं ।

श्री विकास बैंक तथा वित्तीय संस्था संघ नेपाल
बबरमहल, काठमाडौं ।